श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२५ सालको ऐन नं. ३२

स्वस्तिश्री गिरिराजचक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

केही नेपाल ऐनहरूमा संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– केही नेपाल ऐनहरूमा संशोधन गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम केही नेपाल ऐन (संशोधन) ऐन, २०२५ रहेको छ ।

(२) यो ऐन २०२५ साल मार्ग १ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. केही नेपाल ऐनहरूमा संशोधन:– अनुसूचीमा लेखिएका नेपाल ऐनहरूमा सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएको छ ।

३. केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०२५ निष्क्रय भएपछि त्यसको परिणाम:– केही नेपाल ऐन (संशोधन) अध्यादेश, २०२५ निष्क्रय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रयताले–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) निष्क्रिय हुँदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुबिधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) माथि लेखिएको कुनै त्यस्तो हक, सुबिधा, कर्तव्य वा दायित्वका सम्बन्धमा गरिएको कुनै कानूनी कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, चालू राख्न, वा लागू गर्न सकिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(दफा २ संग सम्बन्धित)

क्र.सं.	नेपाल ऐनहरू	संशोधन
१.	नेपाल किसान संगठन ऐन, २०२५	१. दफा २२ को उप–दफा (३) पछि देहाय बमोजिमको उप–दफा (४) थपिएको छः– (४) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि संगठनको कुनै तहको सभापति, उप–सभापति वा कार्य समितिको सदस्यको पदमा बहाल रहेको व्यक्तिको पदावधि पूरा भई रिक्त हुन आएको पद पूर्ति नभएसम्म निज सभापति, उप-सभापति वा कार्य समितिको सदस्य पदमा कायमै रहेको मानिने छ । २. दफा २९ को आखिरमा देहाय बमोजिमको वाक्य थपिएको छः– तर, २०२५ साल चैत्र मसान्तसम्म वा श्री ५ को सरकारले तोकेको बढी म्याद भित्र केन्द्रीय कार्य समितिले विधानको मसौदा श्री ५ को सरकार समक्ष प्रस्तुत नगरेमा श्री ५ को सरकारले नै संगठनको विधान बनाई जारी गर्न सक्नेछ र यो विधान अनुसार संगठनले काम गर्नु पर्नेछ ।
२.	नेपाल महिला संगठन ऐन, २०२५	१. दफा २२ को उप-दफा (३) पछि देहाय बमोजिमको उप-दफा (४) थपिएको छः– (४) यो ऐन प्रारम्भ हुनुभन्दा तत्काल अघि संगठनको कुनै तहको सभापति, उप-सभापति वा कार्य समितिको सदस्यको पदमा बहाल रहेको व्यक्तिको पदावधि पूरा भई रिक्त हुन आएको पद पूर्ति नभएसम्म निज सभापति, उप-सभापति वा कार्य समितिको सदस्य पदमा कायमै रहेको मानिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२. दफा २९ को आखिरमा देहाय बमोजिमको वाक्य थपिएकोछः–

तर, २०२५ साल चैत्र मसान्तसम्म वा श्री ५ को सरकारले तोकेको बढी म्याद भित्र केन्द्रीय कार्य समितिले विधानको मसौदा श्री ५ को सरकारको समक्ष प्रस्तुत नगरेमा श्री ५ को सरकारले नै संगठनको विधान बनाई जारी गर्न सक्नेछ र यो विधान अनुसार संगठनले काम गर्नु पर्नेछ ।

३. नेपाल भतपूर्व सैनिक संगठन ऐन, २०२५

१. दफा २२ को उप-दफा (३) पछि देहाय बमोजिमको उप-दफा (४) थपिएको छः–

(४) यो ऐन प्रारम्भ हुनु भन्दा तत्काल अघि संगठनको कुनै तहको सभापति, उप-सभापति वा कार्य समितिको सदस्य पदमा बहाल रहेको व्यक्तिको पदावधि पूरा भई रिक्त हुन आएको पद पूर्ति नभएसम्म निज सभापति, उप-सभापति वा कार्य समितिको सदस्य पदमा कायमै रहेको मानिने छ ।

२. दफा २९ को आखिरमा देहाय बमोजिमको वाक्य थपिएको छः–

तर, २०२५ साल चैत्र मसान्तसम्म वा श्री ५ को सरकारले तोकेको बढी म्यादभित्र केन्द्रीय कार्य समितिले विधानको मसौदा श्री ५ को सरकारको समक्ष प्रस्तुत नगरेमा श्री ५ को सरकारले नै संगठनको विधान बनाई जारी गर्न सक्नेछ र यो विधान अनुसार संगठनले काम गर्नु पनछ ।

४. नेपाल युवक संगठन ऐन, २०२५

१. दफा २२ को उप–दफा (३) पछि देहाय बमोजिमको उप–दफा (४) थपिएको छः–

(४) यो ऐन प्रारम्भ हुनु भन्दा तत्काल अघि संगठनको कुनै तहको सभापति, उप-सभापति

आधिकारिकता मुद्रण विभागको हुनेसिहको सरकारबाट मात्र मान्यता हुनेछ।

वा कार्य समितिको सदस्य पदमा बहाल रहेको व्यक्तिको पदावधि पूरा भई रिक्त हुन आएको पद पूर्ति नभएसम्म निज सभापति, उप-सभापति वा कार्य समितिको सदस्य पदमा कायमै रहेको मानिने छ ।

२. दफा २९ को आखिरमा देहाय बमोजिमको वाक्य थपिएकोछः–

तर, २०२५ साल चैत्र मसान्तसम्म वा श्री ५ को सरकारले तोकेको बढी म्यादभित्र केन्द्रीय कार्य समितिले विधानको मसौदा श्री ५ को सरकार समक्ष प्रस्तुत नगरेमा श्री ५ को सरकारले नै संगठनको विधान बनाई जारी-गर्न सक्नेछ र यो विधान अनुसार संगठनले काम गर्नु पर्नेछ ।

५. नेपाल मजदूर संगठन ऐन, २०२५

१. दफा १९ को उप–दफा (५) पछि देहाय बमोजिमको उप–दफा (६) थपिएको छ–

(६) यो ऐन प्रारम्भ हुँदाका बखत संगठनको कुनै तहको सभापति, उप–सभापति वा कार्य समितिको वा केन्द्रीय सभाको सदस्य पदमा बहाल रहेको व्यक्तिको पदावधि पूरा भई रिक्त हुन आउने पद पूर्ति नभएसम्म निज सभापति, उप-सभापति वा कार्य समिति वा सम्बन्धित केन्द्रीय सभाको सदस्य पदमा कायमै रहेको मानिने छ ।

२. दफा २८ को आखिरमा देहाय बमोजिमको वाक्य थपिएको छः–

तर, २०२५ साल चैत्र मसान्तसम्म वा श्री ५ को सरकारले तोकेको बढी म्याद भित्र केन्द्रीय कार्य समितिले विधानको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मसौदा श्री ५ को सरकारको समक्ष प्रस्तुत नगरेमा श्री ५ को सरकारले नै संगठनको बिधान बनाई जारी गर्न सक्नेछ र यो विधान अनुसार संगठनले काम गर्नु पर्ने छ ।

लालमोहर सदर मिति २०२५।१२।२८।५

आज्ञाले–
रमानन्दप्रसाद सिंह
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।